# ९ परमेश्वरको सेवाकार्यको निम्ति अग्रसरता देखाउनु

**यस अध्यायको निम्ति पढ्नुहोस्ः प्रस्थान १८ः१३-२६, मत्ती ७ः१७,१८, प्रेरित ६ः१-८, यूहन्ना ४ः३६, प्रेरित १५ः३६-४०।**

***स्मरण गर्नुपर्ने पदः*** "यदि प्रचार गर्नें नपठाए कसरी प्रचार गरिन्छ त? यसरी लेखिएको छ, 'सुसमाचार ल्याउनेका पाउहरू कति सौन्दर्य हुन्छन् !'" (रोमी १९ः१५ रूपान्तरित)।

**मूल सोचः** गवाही दिन र प्रचार गर्न तालिम दिएर मात्र पुग्दैन। ती तालिम प्राप्त गरेका व्यक्तिहरूले सक्रियरूपमा सुसमाचार सुनाएर अरूहरूलाई मुक्तिको दायरामा ल्याउन प्रयास गर्नुपर्दछ।

**गवाही दिन र प्रचार गर्न विभिन्न तालिम तथा गोष्ठीहरूमा (सेमिनार) भाग लिन चाहन्छौं भनेर गुनासो गर्दछन् र भाग पनि लिन लगाउँछन्। तर जब तिनीहरू आआफ्ना घर फर्कन्छन् तिनीहरूलाई सक्रियरूपमा प्रचारको कार्यक्रममा चर्चका अगुवाहरूले समावेश नगरिएको पाइएको छ।** यसको फलस्वरूप चर्चमा तालिम प्राप्त सदस्यहरू भएतापनि वा तिनीहरूको पहिचान गर्न नसकेको कारण चर्चको सुसमाचार र गवाही दिने कार्यक्रम सिथिल वा मृत्युप्राय भइरहेको हुन्छ। कतिपय समयमा ती तालिमप्राप्त विश्वासीहरूले चर्चको सेवाकार्यमा चासो देखाउँछन् र आफूखुशी सहायता पनि गर्दछन् । तर ती मध्ये कतिपयले त चर्चले आफ्नो आवश्यकता नदेखाएको र तिनीहरूलाई पन्छाएको महशूस भएका हुन्छन् र चर्चलाई सहायता गर्न चाहेतापनि लाचार भएर बसेका हुन्छन्। सफलतासाथ तालिम प्राप्त विश्वासीहरूलाई चर्चको कुनै पनि कार्यक्रममा भाग लिन नदिनु नै तिनीहरूलाई निराश पार्ने सफल प्रयास हो। गवाही दिने र सुसमाचार प्रचार गर्ने सक्षम् व्यक्तिहरूको पत्ता लगाउने काम चर्चको प्रत्येक विश्वासी वा अगुवाको उत्तरदायित्व हो। चर्चमा परमेश्वरको सेवाकार्य गर्न चाहने सबैलाई स्थान छ। तर कुन् स्थानमा सेवा गर्ने भन्ने विषय थाहा पाउनु नै प्रत्येक विश्वासीको कला हो।

चर्चको काम एकतामा कसरी वृद्धी वा विकासमा सफल तालिम प्राप्त व्यक्तिहरूलाई समावेश गर्ने भन्ने विषयलाई लिएर यस अध्यायमा हामी खोजनिति गर्नेछौं।

## १. जिम्मेवारीमा सहभागी हुनु (प्रस्थान १८:१३-२६)

चर्चका अगुवाहरूको धेरै जिम्मेवारी हुन्छन्। कतिपय अगुवाहरूलाई सबै काम आफैले मात्र गर्न चाहन्छन्। अरूले जस पाउला भन्ने डरले आफ्ना भारहरू अरूलाई बाँड्न तिनीहरू असक्षम् भएको पाइएको छ। वर्तमान परिप्रेक्षमा यो कुनै नौलो कुरा होइन। सबैको नेतृत्व म मात्र गर्न सक्छु भन्ने भावनाले मोसालाई पनि नपिरलेको होइन। पुरानो करारका त्यस महान् व्यक्तित्वलाई पनि नेतृत्व बाँडफाँड गर्नुपर्ने ठूलो चित्रलाई देखाउनु आवश्यकता परेको थियो। मोसाको अनुभव र उनका ससुरा जेठ्रो (यीत्रो)ले दिएका सरसल्लाहबाट हामीले पनि सिक्नसक्दछौ।

**प्रस्थान् १८:१३-२६ ध्यानपूर्वक पढ्नुहोस्। परमेश्वरको भय मान्ने मानिसहरूलाई चुनेर तिनीहरूले इन्साफ गरून् भनेर मोसाको ससुराले पद २२मा दिएको सल्लाहको अर्थ के हो?**

मोसाले सबै कामहरू आफूले मात्र कतिसम्म धाउन सक्थे र? आफ्नो काम गर्ने कार्यतालिका अति व्यस्त राख्नु उनको निम्ति कतिको अव्यवाहारिक थियो होला? लाखौंको इस्रायली समूहको कसरी चित्त बुझाएर राख्न सके होलान् वा राखे होलान् भन्ने कुरालाई हामी केवल अनुमान मात्र गर्न सक्दछौं। त्यसरी नै इस्रायलीहरूमा अगुवा गर्न सक्ने कतिपय सक्षम् मानिसहरूलाई मोसाले गरेका होलान् भन्ने विषयमा पनि हामी अनुमान मात्र गर्न सक्दछौं। तर सक्षम् र मोसालाई सहायता गर्न उत्सुक भएका मानिसहरू धेरै थिए भनेर माथिको विवरणले देखाउँदछ। आफ्नो काममा अरूलाई पनि सहभागिता गराउनु र तिनीहरूलाई नेतृत्वको जिम्मेवारी दिनु जस्तो ज्ञान मोसालाई पनि आवश्यकता भएको थियो।

गवाही दिने र सुमाचार प्रचार गर्ने कार्यक्रमहरूमा अरूलाई पनि संलगन गराउनुपर्छ भन्ने मनस्थिति वा चाहना चर्चका अगुवाहरूमा हुनै पर्छ। परमेश्वरको राज्यमा विश्वासीहरू बढाउन धेरै आवश्यक छ तर

त्यस काममा सक्रिय रूपमा अरूलाई सहभागी बनाइ कसरी अघि बढ्ने भन्ने निति मोसाको अनुभवबाट हामी सबैले सिक्नसक्दछौं।

**बिशेष खुबी तथा सक्षम् मानिसहरूलाई मोसाले चुन्न ससुराले सल्लाह दिएका थिए (प्रस्थान १८:२१)। त्यहि अनुसार मोसाले तिनीहरूलाई चुनेका थिए (पद २४)। त्यसबाट हामीले के पाठ सिक्नसक्दछौं? बिभिन्न खुबी वा प्रतिभा भएका मानिसहरूलाई आआफ्नो क्षमता अनुसार मोसाले दिएका विभिन्न जिम्मेवारीबाट हामी के सिक्दछौं (पद २५)? आजको सन्दर्भमा पनि प्रचार गर्ने चर्चको योजनामा त्यो निति अपनाए कतिको फलदायी हुनेथ्यो होला?**

आफूलाई व्यक्तिगत रूपमा परमेश्वरले बोल्नुभएर आत्मिक जिम्मेवारी दिनुभएकोले नै मोसा आफ्नो काममा संवेदनशील भएर अरूलाई जिम्मेवारी नदिएको हुनसक्छ। परमेश्वरको निम्ति बोल्न र अरूलाई बताउने गरिमामय जिम्मेवारी पाएकोमा हामी पनि गम्भिर र संवेदनशील हुन्छौं, यो स्वभाविक मनस्थिति हो। हामीहरूको गवाही दिने काम र प्रचार गर्ने काम खेंलाचीको नभएर गम्भिर मामला हो भनेर स्वीकार गर्नुपर्छ। यस संसारमा जन्मिने प्रत्येक मानिसको अनन्त जीवन अत्यन्त महत्त्वपूर्ण छ भनेर हामीले सम्झिरहनुपर्दछ। यसलाई आत्मसात गर्न सक्यौं भने हामीहरूको सुसमाचार प्रचार गर्ने काममा होशियार अपनाउन सक्दछौं। प्रभुको काम गम्भिर रूपमा लिइपनि रहनसक्दछौं। तर सुसमाचार फैलाउने कार्यक्रममा सकेसम्म सबैलाई समावेश गराउनु आवश्यकता छ भन्ने नितिलाई हामीले कहिलै पनि भुल्नुहुन्न।

प्रस्थान १८:२१-२३मा मोसाको ससुराले यस्तो सल्लाह दिएका थिएः "सबै मानिसहरूबाट परमेश्वरको भय मान्ने, योग्य तथा सक्षम् मानिसहरू चुन। तिनीहरू अनुचित फायदादेखि वाक्क हुने (वा आफ्नो भाउ खोज्न नचाहने), वा भ्रष्ट चरित्र नभएका इमान्दार व्यक्तिहरू होउन्। तिनीहरूलाई हजार-हजार, सय-सय, पचास-पचास र दस-दसमाथि अगुवाहुनलाई नियुक्त गर। तिनीहरूले हरसमय मानिसहरूका न्यायकर्ता भएर सेवा गरून्। सबै ठूला-ठूला तथा जतिल मुद्दा वा समस्याहरूचाहिँ तिनीहरूले तिम्रो सामु ल्याउन्। तर साना साना मुद्दा वा समस्याहरूचाहिँ तिनीहरूले नै सुल्झाउन्। यसरी तिमीलाई सजिलो पर्नेछ, किनकी तिनीहरूले पनि तिम्रो भार बाँड्ने छन्। तिमीले

यो उपाय अपनायौ भने र परमेश्वरले पनि यहि आज्ञा तिमीलाई दिनुभयो भने, तिमी धेरै वर्ष बाँच्न सक्नेछौ, र यी सबै मानिसहरू पनि आ-आफ्नो घरमा चित्त बुझेर जानेछन्।" नयाँ नियुक्ती पाएका मानिसहरूको सेवा गर्ने जिम्मेवारी सधैं भइरहेको ख्याल गर्नुहोस्। यो निति हामीले पनि अपनाउन सक्यौं भने हामीमा भएका परमेश्वरको आशा अरूलाई बाँड्न हरदम तयार हुनेछौं।

## २. खतरालाई मोलेर भएपनि प्रचारको निम्ति नहचक्निनु (मत्ती ७:१७,१८)

प्रभुलाई माया गर्ने सेभेन्थ-डे एडभेन्टिस्ट विश्वासीहरू अरूलाई परमेश्वरकहाँ ल्याउन जोशिला र सक्षम् भएका हुन्छन्। चर्चको प्रचार गर्ने कार्यक्रममा भाग लिन धेरै विश्वासीहरू उत्साहित हुन्छन्। तर चर्चका नेतृत्व वर्गले ती उत्साहित विश्वासीहरूलाई समावेश गर्न कतिपय समयमा चासो नदेखाएको पाइन्छ। तिनीहरूको जोशप्रति अगुवाहरू सतर्क भएको पनि पाइन्छ। तिनीहरूले के भन्लान र केहि गर्लान् जसले गर्दा चर्चका अरू विश्वासीहरू भड्केला भन्ने डरले पनि जोशिला विश्वासीहरूलाई चर्चको कार्यक्रममा भाग लिन दिँदैनन्। चर्चमा तालिम प्राप्त व्यक्तिहरूमा पनि यो मनस्थितिले अड्डा जमाएको कुरालाई दुःखलाग्दो मान्नुपर्दछ। पवित्र आत्मा र उहाँको बाचा अनुसार उपलव्ध हुने बरदानहरू केवल अगुवाहरूको निम्ति मात्र होइन। आफ्ना विश्वास परमेश्वरमा समर्पण गर्न चाहने सबैको निम्ति पवित्र आत्माको बरदान उपलव्ध गराइएको छ। आफ्नो भाऊ नखोज्ने, आफ्नो स्वार्थलाई त्याग्न राजी हुने र मानिसहरूलाई मुक्ति दिलाउन काम गर्न चाहने सबैलाई परिचालन गर्न पवित्र आत्मा सदैव इच्छुक हुनुहुन्छ।

**चर्चका अगुवाहरूमा हुने चिन्तालाई हटाउने कुरा येशूले मत्ती ७:१७,१८मा दिनुभएको छ। उहाँको त्यस शिक्षामा के शुत्र दिइएको छ? असल र खराब फललाई हामीले कसरी छुट्याउने? चर्चका समुच्च अगुवाहरूले त्यस खालको काममा किन समावेश हुनुपर्दछ? फेरि अरूलाई न्याय नगरि त्यस काम हामीले कसरी गर्ने?**

यदि प्रत्येक स्वस्थ रुखले असल फल फलाउँछ भने चर्चको अगुवाहरूले स्वस्थ रुखहरू उमार्न कोशिष गर्नुपर्दछ। फेरि हामी पनि येशूको निम्ति पहिला त कोहि न कोहि हुनुपर्दछ, अनि मात्र उहाँको

निम्ति सफलतापूर्वक काम गर्न सक्दछौं। येशूसँग गहिरो र अर्थमूलक सम्वन्ध राख्न हामीले अरू मानिसहरूलाई अगुवाई गर्नुपर्दछ। येशूसँग उनीहरूको सम्वन्ध कस्तो छ त्यसमा हामीले विशेष ध्यान दिनुपर्दछ। अनि तिनीहरूले ठिक फल फलाओस् भनेर पवित्र आत्माले सुनिस्चित पार्नुहुनेछ। हाम्रो काम भनेको अरूलाई अगुवाइ गर्ने, सिकाउने र तालिम दिने हो। तिनीहरूको काममा आशिष दिने परमेश्वरको काम हो। परमेश्वर र उहाँसँग तल्लिन हुन चाहने विश्वासीहरूलाई हामीले विश्वास गर्नुपर्दछ। विश्वासीहरूको आत्मिक वृद्धि र चाहिने खुबीको बिकासमा पर्याप्तमात्रामा हामीले ध्यान दिनुपर्दछ। त्यसो गरे, हामीले प्रचार गर्दा तिनीहरूले असल फल फलाउन सक्दछन् भन्ने कुरामा तिनीहरूप्रति विश्वस्त हुन्छौं। सुसमाचार प्रचार गर्दा अनेकौ जोखिमहरूको पनि सामना गर्नुपर्दछ, यसमा कसैको दुईमत छैन। हामीले प्रचार गर्दा सबैले सुन्नुपर्छ भन्ने नै छैन। हामीहरूको प्रयास सधैं सफल हुन्छ भन्ने नै छैन। त्यसले हामीलाई निराश पार्नुहुन्न। अति महान् गुरू येशूसँग रहेर सिकेका चेलाहरूले पनि सबैको मन जित्न सकेको थिएन। यो कुराले हामीलाई सान्त्वना मिल्नुपर्दछ।

**तपाईंमा रहेको बरदान र खुबीहरूलाई चर्चका अगुवाहरूले वास्ता नगरेको के तपाईंले कहिलै अनुभव गर्नुभएको छ? त्यसको कारण के होला? आत्मआलोचना गर्नुहोस्। तपाईंमा केहि दोष छ कि त्यो नियालेर हेर्नुहोस्। के परमेश्वरको महिमा र चर्चको उत्थानको सट्टा तपाईंमा भएका भाऊ खोज्ने मनस्थितिले गर्दा तपाईं पन्छिन पुगेको हो की? यो प्रश्नको जवाफ तपाईंले गहिरेर सोच्नुहोस् र आफूले आफैलाई जवाफ दिनुहोस्।**

## ३. बाली कटानीको आवश्यकता अनुसार कामदारहरू खटाउने (प्रेरित ६:१-८)

जब मानिसहरूले परमेश्वर र उहाँको चर्चको बारेमा चासो देखाउँछन्, तिनीहरूकहाँ पठाउने सुसमाचार प्रचारक तथा अगुवाहरूलाई सोचेर पठाउनुपर्दछ। चासो देखाउने मानिसहरूको राष्ट्रियता, भाषा, संस्कार, उमेर र लीङ्गप्रति संवेदनशील हुनुपर्दछ। तिनीहरूकै समूहबाट चुनेर तिनीहरूकहाँ पठाउनु मनाशिव हुन्छ। प्रचार गर्ने व्यक्तिको आत्मिक परिपक्वता, बाइबलको ज्ञान, बोलचालमा खुबी र सराहनिय

आत्मिक अनुभवहरूको ख्याल गर्नुपर्दछ। जुन समूहकहाँ प्रचार गर्न पठाइन्छ त्यो समूहसँग प्रचार गर्ने व्यक्ति मिल्दोजुल्दो छ कि छैन भनेर गम्भिरतापूर्वक लिनुपर्दछ।

हो, गवाही दिने र प्रचार गर्ने कार्यक्रममा सबैजना एकै खालका हुनुपर्छ भन्ने छैन। सबै जना बराबर हुनुपर्छ भन्ने छैन। प्रत्येक व्यक्तिको आफ्नै विशेष जीवन र आत्मिक यात्रा हुन्छ। प्रत्येक मानिस विशेष व्यक्ति हो भनेर मान्नु पर्छ। तैपनि आत्मिक अनुभवहरू करिब करिब सबैसँग मिल्दोजुल्दो हुनसक्दछ। त्यसकारण सत्य खोज्ने मानिससँग त्यस्तै खालका अनुभव भएका विश्वासीलाई जोडा मिलाउनु मनाशिव देखिन्छ।

**प्रेरित ६:१-८ पढ्नुहोस्। विश्वासीहरूको बीचमा हुनुपर्ने के के काम र कर्तव्यहरू उल्लेख गरेकाछन्? काम अनुसार विशेष खुबीभएका मानिसहरूलाई खटाए के हुन्छ?**

कुन परिवेशमा चर्चको काममा मानिसहरू खटाउनु परेको थियो, सोच्नुहोस्: चेलाहरूले प्रचार गर्ने क्रममा धेरै मानिसहरू चर्चमा प्रवेश गरेका उनीहरूले महशूस गरेका थिए। त्यसबेला तिनीहरूले ठूलो समस्याको सामना गर्नु परेको थियो। त्यो समस्या समाधान गर्न सात जना योग्य विश्वासीहरू चुन्नु भनेर चेलाहरूले सार्वजनिक रूपमा विश्वासीहरूसँग अनुरोध गरे। चेलाहरूको इच्छा अनुसार विश्वासीहरूले छानेका सात जना विश्वासीहरू तिनीहरूकहाँ ल्याइए। चेलाहरूले आफ्ना हातहरू तिनीहरूको शीरमा राखेर तिनीहरूलाई अभिषेक गरे र विभिन्न कामको निम्ति नियुक्त गरे। तिनीहरूको सक्रियताले गर्दा पनि विश्वासीहरूको संख्या धेरै वढ्न थाले।

खानेकुराहरूको रेखदेख गर्ने काममा स्टिफन र अरू छ जना डिकनहरूलाई नियुक्त गरेका थिए। तर भान्सामा हेर्ने, खानेकुरा बाँड्ने र राम्रोसँग चाँजोफाँजो मिलाउनेमामात्र तिनीहरूको योग्यता सिमित भएको थिएन। ती कामसँगै गवाही दिने र प्रचार गर्ने काममा पनि तिनीहरू योग्य होउन् भनेर परमेश्वरको आत्माले भरिएकाहरूलाई विश्वासीहरूले चुनेका थिए। ती नयाँ नियुक्ति पाएका मानिसहरूले गर्दा चेला तथा प्रचारकहरूले प्रचार गर्ने आफ्नो महत्त्वपूर्ण काम स्वतन्त्र रूपमा गर्न राहत मिलेको थियो। ती डिकनहरूको भूमिका कति उल्लेखनिय थियो भनेर हामी यहाँ हेर्न सक्दछौं (प्रेरित ६:८)। चर्चका

जुनसुकै सदस्यहरूले आआफ्नो खुबी अनुसार काम गरे चर्चको प्रचारप्रसार गर्ने र गवाही दिने कार्यक्रमहरूमा योगदान दिनसक्छ भन्ने कुरालाई खुला हृदयले हामी सबैले समर्थन गर्नसक्नुपर्दछ।

सफल चर्चको सेवाकार्यमा प्रतिभा, खुबी, आत्मिक बरदान र विशेष तालिमहरूको आवश्यकता हुन्छ नै। तर विश्वासीहरूको मनस्थिति, जोश र जाँगर पनि उल्लेखनीय र प्रसंशनीय हुनुपर्दछ। सुसमाचार प्रचारको निम्ति तिमोथी र बर्णावासले पूर्ण सहयोग गरेको वृतान्त प्रेरित १६:१-५ र प्रेरित ४:३६मा हेर्नुहोस्। वर्णावासले आफ्नो व्यक्तिगत सम्पत्ति चर्चको उत्थानको निम्ति त्यागेका थिए। युनानी रगत भएका तिमोथीले खतना गर्ने यहूदी संस्कारलाई सुसमाचार पाएपछि त्यागेका थिए। परमेश्वरको काममा सबैको भूमिका हुने कुरालाई बाइबलले स्पष्ट रूपमा सिकाउँदछ।

## ४. चर्चकै कामद्वारा विश्वासीहरूको आत्मिक विकास (यूहन्ना ७:१७)

येशूसँग समय बिताउनसकेमात्र आत्मिक बिकास हामीमा हुनसक्छ। केवल नियमित काम वा चाहे गवाही दिने र प्रचार गर्ने जिम्मा लिएर मात्रै आत्मिक रूपमा मानिस पक्का हुनसक्छ भन्ने छैन। चर्चका विश्वासीहरूलाई चर्चले आत्मिक तत्व कुनै कार्यक्रमद्वारा तिनीहरूमा घुसाउन सक्दैन। जब कुनै व्यक्ति येशूभक्त हुन परमेश्वरले बोलाहत हुँदा यदि त्यसले स्वीकार गर्छ भने उसको व्यक्तिगत जीवन परमेश्वरसँग हिंड्न थालेको हुन्छ। उहाँसँगको सम्वन्ध गहिरो र अटल भएर आत्मिक प्रगति भइरहेको हुन्छ। यो महान् आत्मिक सत्यतालाई हामी सबैले आत्मसात् गर्नुपर्छ। यस्तो परिस्थितिमा मात्र परमेश्वरको अनुग्रहबाट वंचित भएका मानिसहरूलाई गवाही र सुसमाचार प्रचार गर्ने क्रियाकलापबाट धेरै आत्मिकि आशिषहरू दिनसकिन्छ।

**येशूले भन्नुभयो, “यदि कुनै मानिसले परमेश्वरको इच्छा पालन गर्न चाहन्छ भने मेरो शिक्षा परमेश्वरतर्फबाट हो कि मेरो आफ्नै तर्फबाट हो सो उसले जान्नेछ।" (यूहन्ना ७:१७) परमेश्वरको इच्छा पालन गर्ने र आत्मिक वृद्धिको सन्दर्भमा येशूले दिनुभएको त्यस वचनले हामीलाई के भन्दैछ?**

हाम्रीमा सधै जिज्ञासा त यो हुनुपर्दछ, “सत्यलाई खोज्ने मानिसले सत्य पायो भनेर उसले कसरी निश्चित हुने?" उहाँलाई

पछ्याउन चाहने सबैको निम्ति सत्य के हो भनेर येशूले त्यस पदमा प्रस्तुत गर्नुभएको छ। जो मानिस परमेश्वरको इच्छा पालन गर्न चाहन्छ त्यसले सिक्ने शिक्षादिक्षाहरू परमेश्वरबाट हो कि होइन भनेर ऊ आफैले थाहा पाउन सक्नेछ। यो कसरी हुनसक्छ त? परमेश्वरसँग सम्वन्ध गाँसिएर हिँड्न सके आत्मिक प्रगति हुनसक्छ भन्ने कुरा स्पष्ट छ। जो मानिस बाइबलको सत्यतालाई पछ्याइरहेको हुन्छ त्यसले अझ धेरै परमेश्वरको ज्योति पाउनेछ भनेर येशूले यहाँ भनिरहनुभएको हामी पाउँछौं।

सुन्ने र गर्नेको बीचमा गहिरो सम्वन्ध हुन्छ भनेर प्रकाश १:३मा उल्लेख गरको छ। जो मानिसहरू परमेश्वरको सदिच्छालाई पालन गर्दछन्, इसाई आत्मज्ञानमा तिनीहरू गहिरिएर गइरहेको हुन्छ। प्रार्थनापूर्वक बाइबल अध्ययनले परमेश्वरसँगको सम्वन्ध मजबुत भएर जान्छ। यसले अझ बढि सत्य जान्न अग्रसर गराउँछ, आत्मिक जीवनमा जोश हुन्छ र आत्मिक विकासमा उत्तरोत्तर प्रगति भएर जाँदै गर्छ।

**“जसले बाली काट्छ त्यसले ज्याला पाउँछ, र अनन्त जीवनको निम्ति फल बटुल्छ, र छर्ने र कटानी गर्ने एकसाथ रमाउँछन्" (यूहन्ना ४:३६)। येशूको उक्त कथनमा मानिसहरूलाई सुसमाचार प्रचार गर्दा के आत्मिक इनाम पाउँछन् भनेर उल्लेख गरिएको छ? रोप्ने र कटानी गर्ने दुवैले आत्मिक रूपमा सँगसँगै रमाउनेछन् भन्ने येशूको वाणीलाई तपाईंले के भन्नुहुन्छ?**

बप्तिस्मा दिने यूहन्ना र येशूले रोप्नुभएको बालीलाई चेलाहरूले कटानी गरिरहेका थिए भनेर धेरै बाइबलका लेखकहरूले राय व्यक्त गरेका छन्। सामरी स्त्री आफैले आफ्नो गाउँघरका मानिसहरूको हृदयमा सुसमाचार रोपेकी थिइन् भन्ने कुरा स्पष्ट छ। जब पाकेको आत्मिक कटानी स्वर्गमा थुपरिन्दा तिनीहरू सँगसँगै कति रमाए होलान्? सँगसँगै एकजुत भएर गवाही र सुसमाचार प्रचार गर्दा सफलता हासिल हुन्छ। यसले परमेश्वर र हामीसँग र हामी र विश्वासी मित्रहरूको बीचमा गहिरो आत्मियताको सृजना हुन्छ। यसले हामी सबै एकै ढिक्का हौं भनेर गर्व गराउँदछ। जब परमेश्वरले उहाँको राज्यमा मानिसहरूलाई ल्याउने आह्वानलाई हामी स्वीकार्छौं तब हामी उहाँको दल वा टिममा एक हुन जान्छौं। अनि त्यसको फलस्वरूप विश्वासीहरू बीच आत्मियता र घनिष्ट सम्वन्ध बढ्दै जान्छन्।

**तपाईंले व्यक्तिगत रूपमा कसैलाई येशूको बारेमा गवाही दिनुभयो होला। त्यो सफल वा असफल पनि भयो होला। त्यसबाट परमेश्वरप्रति तपाईंको आस्थालाई कसरी मजबुत बनाएको छ? अरूलाई परमेश्वरको बारेमा भन्दा उहाँसँगको सम्वन्धमा कसरी प्रभावित हुनसक्दछ?**

## ५. मिलोमत्तोमा काम गर्दा सबैलाई एकताको सुत्रमा ल्याइन्छ

एक किसिमको आश्चर्य काम छ जुन कहिलेकाहिँ व्याख्या गर्न त्यतिको सजिलो छैन। त्यसलाई "गोलाकार प्रभाव" भनेर असलीरूपमा व्याख्या गर्न खोजिएको पाउँछौं। जब कुनै पनि क्रियाकलापमा मानिसहरूलाई समावेश गरिन्छ तब त्यहाँ एकतावद्धको मनस्थिति खडा हुन्छ। गोलाकार प्रभाव भनेकै एक आपसमा असर पार्दै लानु हो। यसले मानिसहरूलाई काम गर्न जाँगर ल्याउँछ। सबै जना मिलेर काम गरौं भन्ने भावनाले प्रेरित भयो भने हामी एकै हौं भन्ने भावना जाग्दछ। यो काममा लगाउने निति हो। यसको ज्वलन्त उदाहरण नाउँ चलाउनु हो। डुँगामा दुई जना दुईतिर हुन्छ र ती दुवै जनाले पानीमा काठ चलाईरहेका हुन्छन्। सँगसँगै चलाउनु पर्ने भएकोले त्यस मामिलामा झगडा गर्ने ठाउँ नै हुँदैन, हुन्छ त?

सुरूको चर्चको संरचनामा केहि मूलभूत निर्णयहरू गर्नुपरेको थियो। ती निर्णयहरू चर्चको वृद्धिको लागि आवश्यक थिए। ती निर्णयहरूले गर्दा चेलाहरूको बीचमा ठूलो बादविवाद हुनसक्थ्यो होला। तर विश्वासीहरूको केन्द्र विन्दु आफू नभएर परमेश्वर भएको कारण उहाँले खटाउनुभएको काम मिलेर गर्न तिनीहरू समर्पित भएका थिए।

**चेलाहरूले निर्णायक पाइला चल्नुपर्दा तिनीहरूले कसरी भोट खसाले भनेर प्रेरित १:१५-२६मा हेर्नुहोस्। उनीहरूले जस्तो चिठ्ठा अहिले हामी हाल्दैनौं। यद्यपि, तिनीहरूले के मूख्य बुँदाहरू हेरिरहेका थिए? परमेश्वरको सेवाकार्यको काममा मानिसलाई छान्ने उपरोक्त तरिकाको उदाहरणबाट आज हामीले पनि के सिक्नसक्दछौं?**

जब मानिसहरू मिलेर काम गर्न खोज्छन् त्यहाँ बिवाद हुनु त स्वभाविकै हो। विश्वासीहरूको एकतालाई भाँड्ने काममा सैतान अग्रसर भइरहेको कुराम कसैको दुईमत छैन। सुरूको चर्चमा प्रचार गर्ने

सेवाकार्यमा विश्वासीहरूको बीचमा भएका मतभेद भएका थिए। त्यसबेला भएका घट्नालाई हामीले अध्ययन गर्नु उचित हुन्छ।

**प्रेरित १५:३६-४०मा भएका मतभेदको बारेमा केलाएर हेर्नुहोस्। पावल र बर्णावासको बीचमा के कचकच भएको थियो? उनीहरूको बीचमा भएको असहमतको नतिजा कस्तो थियो? र त्यसबाट हामी के सिक्नसक्दछौं?**

सुरूको प्रचार गर्ने यात्रामा यूहन्ना (जोन) मर्कूसले पावल र उनका सहकर्मीहरूलाई छोडेर येरुशलेम फर्केका थिए। त्यसले गर्दा बर्णावाससँगको यात्रामा पावलले मर्कूसलाई साथै लैजान चाहेका थिएनन् (प्रेरित १३:१३ पढ्नुहोस्)। तर यदि मर्कूसलाई पनि प्रचार गर्ने यात्रामा लगियो भने उनको लागि असल हुने र प्रचारको काममा सहयोग पुग्ने वर्णावासले देखेका थिए। यस कुरामा पावल र वर्णावासको बीचमा मतभेद भएको थियो। आखिरमा पावलले सिलासलाई आफूसँग लगे। तर बर्णावासलेचाहिँ मर्कूसलाई सँगैलगे।

कस्तो खालको प्रचार काम वा मिसिनेरी कार्य गर्नुपर्छ भन्ने कुरामा पावल र वर्णावासको मतभेद भएको थिएन। आफूहरूमा भएका व्यक्तिगत मतभिन्नताले सुसमाचारको काममा पावल र वर्णावास विगार्न चाहेका थिएनन्। बरू तिनीहरू दुई समूह भएर प्रचारको काममा खटे। सुरूमा पावलले मर्कूससँग काम गर्न नचाहेपनि पछि तिनीहरू फेरी मिलेर काम गरेका थिए (२ तिमोथी ४:११)। सुसमाचार प्रचार गर्ने लक्ष्यलाई पूरा गर्न पावल र वर्णावासले आफ्ना मतभिन्नतालाई प्राथमिकता नदिएको हामी पाउँछौं।

**हुनसक्छ तपाईंको चर्चमा यस्तो कुनै व्यक्ति होला जसलाई तपाईंले मन पराउनु हुन्न। शान्ति सम्झौता गर्न वा मतभेदलाई पन्छाउन तपाईं कतिको क्षमाशील हुनुहुन्छ? अर्थात् परमेश्वरको महिमाको निम्ति तपाईं कतिको लत्रन सक्नुहुन्छ?**

## उपसंहार

**थप जानकारीः सुसमाचार प्रचार गर्न व्यवाहारिक तालिका तर्जुमा गर्नु**

एक वर्षमा के के गर्ने भनेर योजना बनाएर चल्नु राम्रो हुनेछ भनेर अघिल्लो अध्यायको अन्तिम बुँदामा सुझाव दिएका थियौं। त्यसमा पनि कस्तो खालको गवाही र प्रचार कार्यक्रम मिलाएर योजना बनाउने

भन्ने कुरालाई सोच्नुपर्दछ। विभिन्न लक्ष्य र योजनामा समय तालिका भर पर्दछ। तर देहायका केहि सामान्य बुँदाहरूलाई सोच्नु उचित देखिन्छः

१. एक वर्ष भित्र के के लक्ष्यहरू पुरा गर्न चाहनुहुन्छ त्यसको सूची बनाउनुहोस्। प्रचार गर्ने कार्यक्रममा कस्ता कस्तो विषय वस्तुहरू समावेश गर्ने भनेर पनि तर्जुमा गर्नुहोस्। त्यो कार्यक्रम पूरा गर्नेमात्र नभएर त्यसबाट तपाईंले के अपेक्षा गर्नुहुन्छ सो को पनि टिपोट गर्नुहोस्।

२. समयको तालिका पनि बनाउनु होस्। त्यो तालिका जतिसक्यो त्यत्ति विस्तृत हुनसक्छ, तर एकदम छोटोचाहिँ होइन। तालिमको समय, प्रोग्रामको सुरू र अन्त्य र मूल्याङ्कनको समय पनि त्यस तालिकामा समावेश हुनुपर्दछ।

३. जब तपाईंले कार्यक्रमको आयोजना गर्नु हुन्छ र समय तोक्नु हुन्छ तब त्यस कार्यक्रममा कसकसले साथ दिनुपर्दछ वा कुन् कुन् कार्यदल वा टीम हुनुपर्छ भन्ने कुरालाई पनि ख्याल गर्नुहोस्। यसले गर्दा ती कार्यदलहरूले आफ्नो जिम्मेवारी वहन गर्न तयार हुन्छन्

४. तपाईंको कार्यक्रममा चर्चको गवाही दिने र प्रचार गर्ने कामसँग बाँझिनु हुँदैन, बरू चर्चसँग मिलेर प्रचार गर्ने कार्यक्रम बनाउनुहोस्। तपाईंले आयोजना कार्यक्रममा चर्चले कसरी सहायता गर्न सक्छ त्यो पनि सोच्नुहोस्। चर्चलाई मजबुत बनाउने तपाईंको लक्ष्य हुनुपर्दछ। यसले तपाईं बृहत कार्यदलको सदस्य हुनुहुन्छ भन्ने आभास तपाईंले पाउनुहुनेछ। परमेश्वरको महिमाको निम्ति चर्च र तपाईं मिलेर काम गर्नु आवश्यक छ भन्ने कुरालाई तपाईंले सम्झनुपर्दछ।

५. तपाईंले आयोजना गर्नुभएको कार्यक्रमले के अर्को वर्ष पनि निरन्तरता पाइन्छ कि भन्ने कुराको पनि ख्याल गर्नुहोस्। तालिम दिन, योजना बनाउन र कस्ता खालका मानिसहरू तपाईंलाई आवश्यक हुन्छ भन्ने कुरालाई तपाईंको जवाफले सहायता गर्नेछ। यदि तपाईंको सेवाकार्यको कार्यक्रम बढ्दै जाने हो भने भविष्यमा हुने कार्यक्रमको समिक्षा गर्नु आवश्यक हुन्छ।

**चिन्तनमनन:**

अ. प्रत्येक विश्वासीसँग परमेश्वरले केहि न केहिको अपेक्षा गर्नुहुन्छ भनेर यस अध्यायमा हामीले हेर्यौं। परमेश्वरको काम गर्न उहाँले सबैलाई केहि न केहि खुबी दिनुभएको छ भनेर पनि हेर्न पायौं। गवाही दिने र मानिसहरूलाई परमेश्वरतिर फर्काउने कार्यक्रममा हुनुपर्ने व्यवस्थापन र उपकरणहरूको बारेमा परमेश्वरले के सोच्नुहुन्छ त्यो ख्याल गर्नुहोस्। त्यस मामिलामा चर्चबाट परमेश्वरले के अपेक्षा गर्नुहुन्छ? परमेश्वरले गर्नुभएको अपेक्षाहरूलाई बुझ्न चर्चले विश्वासीहरूलाई कसरी सम्झाउन सक्दछन्? एलेन जी ह्वाइटका देहायका मन्तव्यहरूलाई जब तपाईं पढ्नुहुन्छ तिनीहरूलाई व्यक्तिगत रूपमा तपाईंले कसरी प्रयोग गर्न सक्नुहून्छ? "वर्तमान युगमा सत्यको ज्ञान प्राप्त भएका प्रत्येक व्यक्तिले त्यस ज्ञानलाई नलुकाओस् तर त्यसलाई सेवामूलक बनाइयोस् भनेर परमेश्वरले अपेक्षा गर्नुहुन्छ। बिदेशी भूमीमा सबै जना मिसिनेरी अर्थात् प्रचारक भएर जान सक्दैनन्। तर आफ्ना परिवार र छरछिमेकीकै बीचमा मिसिनेरी अर्थात् सुसमाचार प्रचारक भएर विश्वासीले सेवा गर्न सक्दछ।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ९, पृ. ३०बाट रूपान्तरित।

आ. "परमेश्वरको अनुग्रहमा सहभागी हुने प्रत्येक व्यक्तिलाई अरूको निम्ति काम गर्न परमेश्वरले चुन्नुहुन्छ। येशूभक्त हुँ भनेर दावी गर्ने प्रत्येक व्यक्तिले प्रतिवद्धतासहित यो वचन आत्मसात् गर्नुपर्दछ, 'म यहाँ तयार छु प्रभु, मलाई तपाईंको महिमाको निम्ति खटाउनु होस्।'"-एलेन जी ह्वाइट, *प्रोफेटस् एण्ड किङ्गस्,* पृ. २२२बाट रूपान्तरित।